# समता माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
# Samata Microfinance Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था (पाँच जिल्ला कार्यक्षेत्र भएको)
**केन्द्रीय कार्यालय**: पिप्रा सिमरा, बारा, फोन : ०५३-५२१९२१, फ्याक्सः ०५३-५२१९२१
ईमेलः samata@samata.org.np, वेवसाईटः www.samata.org.np

## चौथो वार्षिक साधारणसभा सम्बन्धि सूचना

(प्रथमपटक प्रकाशित मिति : २०७४/०७/२१ कारोबार राष्ट्रिय दैनिक)

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्था को मिति २०७४ कार्तिक २० मा बसेको सञ्चालक समितिको ५४ औं बैठको निर्णय अनुसार यस वित्तीय संस्थाको चौथो वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्बन्धित शेयरधनि महानुभावहरुलाई उक्त साधारणसभामा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिको छ ।

**सभा हुने मिति,समय र स्थान :-**

मिति : २०७४/०८/१६, तद्नुसार २ डिसेम्बर २०१७, शनिबार
समय : अपरान्ह १२ :३०
स्थान : होटल इच्छा प्रा.लि. सिमरा, बारा

**छलफलका विषयहरु :-**

**क) सामान्य प्रस्तावहरु :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०७३/२०७४ को वार्षिक प्रतिवेदनउपर छलफल गरि पारित गर्ने ।
२) लेखा परिक्षणको प्रतिवेदन सहित आर्थिक वर्ष २०७३/०७४ को वासलात, नाफा नोक्सान हिसाब, सोहि अवधिको नगद प्रवाह विवरण र अन्य विभिन्न अनुसूचीहरु उपर छलफल गरि पारित गर्ने ।
३) लेखापरिक्षण समितिबाट सिफारिस भए बमोजिम आर्थिक वर्ष २०७४/२०७५ को लेखापरीक्षको नियुक्ति गर्ने (हालको बाह्य लेखा परिक्षक **एस एण्ड एस एसोसियट्स चार्टर एकाउन्टेन्टस् श्री सुधिर कुमार शर्मा** पुनः नियुक्तको लागी योग्य हुनुहुन्छ) एवं लेखापरिक्षकहरुको पारिश्रमिक निर्धारण गर्ने ।
४) आ.व. २०७४/२०७५ को वार्षिक बजेटमाथि छलफल तथा अनुमोदन गर्ने ।
५) सञ्चालक समितिमा संस्थापक र सर्बसाधारण समूहबाट सञ्चालकहरुको निर्वाचन गर्ने ।
६) सञ्चालक समितिले प्रस्ताव गरे बमोजीम २०७४ आषाढ मसान्तसम्ममा कायम रहेको चुक्ता पूँजीको ११.५८ प्रतिशतले हुन आउने नगद लाभांश रु ३६,५८,९४७/- (कर सहित) पारित गर्ने ।

**ख) विशेष प्रस्ताव :**

१) संस्थाको कार्यक्षेत्र विस्तारको लागि जिल्ला थप गर्ने ।
२) सञ्चालक समितिले प्रस्ताव गरे बमोजीम २०७४ आषाढ मसान्तसम्ममा कायम रहेको चुक्ता पूँजीको २०% ले हुनआउने रकम रु ६३,२०,०००/- (त्रिसठ्ठी लाख बिस हजार रुपैयाँ मात्र) बोनस शेयर जारी गर्न स्वीकृती प्रदान गर्ने ।
३) बोनस शेयर बाँडफाँड पश्चात कायमहुने चुक्ता पूँजी ३ करोड ७९ लाख २० हजार मा २ :१ (साविक २ कित्ता सेयर बराबर १ कित्ता) को दरले हकप्रद शेयर जारी गर्न स्वीकृती प्रदान गर्ने ।
४) वित्तीय संस्थाको अधिकृत पूँजी ५ करोडबाट वृद्धि गरी २० करोड पुऱ्याउने, जारी पूँजी र चुक्ता पूँजी ३ करोड १६ लाख ६० हजारबाट वृद्धि गरि ५ करोड ६८ लाख ८० हजार पुऱ्याउन स्वीकृती प्रदान गर्ने ।
५) वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा पूँजीको संरचना तथा अन्य आवश्यक संशोधन/परिर्माजन गर्ने ।
६) माथि उल्लेखित कार्यहरु गर्न नियमनकारी निकायहरुबाट आएको निर्देशन/स्वीकृती पश्चात प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिर्माजन प्रकृयाको लागी सञ्चालक समितिलाई अख्तीयारी प्रदान गर्ने ।

**ग) विविध :-**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारणसभा सम्बन्धी अन्य जानकारी

१) साधारणसभामा भाग लिनका लागि शेयर प्रमाणपत्रको सक्कल प्रति वा परिचय खुल्ने कुनै प्रमाणपत्र अनिवार्य रुपमा साथमा लिई आउनुहुन सबै शेयरधनी महानुभावहरुलाई सूचित गरिन्छ ।
२) शेयरधनी दर्ता पुस्तीका अनुसार कायम शेयरधनी महानुभावहरुको ठेगानामा वार्षिक साधारण सभाको सूचना सहितको वार्षिक प्रतिवेदन पठाईनेछ । कुनै कारणबस उक्त सूचना वा प्रतिवेदन प्राप्त नभएमा यस वित्तीय संस्थाको वेवसाईड www.samata.org.np मा हेर्नहुन वा यस वित्तीय संस्थाको सूचना पाटि वा यसै सूचनालाई आधारमानी साधारणसभामा भाग लिन सक्नुहुनेछ ।
३) साधारणसभामा भाग लिन प्रतिनिधी नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ । यसरी प्रतिनिधि नियुक्त गरेको जानकारी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा साधारणसभा सुरु हुनुभन्दा ४८ घण्टा आगावै बुझाइ सक्नु पर्नेछ । एक जना शेयरधनीबाट एक भन्दा बढि प्रतिनिधि नियुक्त गर्न सकिने छैन तर एकजना भन्दा बढि प्रतिनिधि नियुक्त भएको देखिएमा सबै भन्दा पहिले दर्ता भएको प्रतिनिधि नियुक्तिपत्र (प्रोक्सी) लाई मान्यता दिईनेछ । कुनै प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम हद वा सिमा त्यस्तो शेयरधनीले लिन पाउने वित्तीय संस्थाको अधिकतम शेयर हिस्साको मतदान सिमाभन्दा बढि हुने छैन ।
४) शेयरधनीले प्रतिनिधि नियुक्त गरिसकेपछि प्रतिनिधि नियुक्तिपत्र (प्रोक्सी) बदर नगरी आफै साधारणसभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नुभएमा प्रतिनिधि नियुक्ति पत्र (प्रोक्सी) स्वतःबदर भएको मानिनेछ
५) वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा उल्लेख भएको व्यक्ति मात्र नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट संरक्षकको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।
६) संगठित सस्था शेयरधनी भएमा उक्त संस्थाद्धारा मनोनित व्यक्तिले ल्याउने गरी प्रतिनिधिपत्र (प्रोक्सी) फाराममा संस्थाको छाप वा आधिकारिक व्यक्तिको दस्तखत हुनुपर्नेछ ।
७) शेयरधनी महानुभावहरुको सुबिधाका लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन १२:०० बजेदेखि सभा समापन नहुन्जेल सम्मको लागि खुल्ला रहनेछ ।
८) उक्त सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कुल शेयर पूँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।
९) सभामा आफ्नो मन्तव्य वा जिज्ञासा व्यक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभाका सभापतिले तोकेको समयमा एक-एक गरी पालो-पालो आफ्नो मन्तव्य वा जिज्ञासा व्यक्त गरि सहयोग गरिदिनहुन अनुरोध छ । उक्त प्रश्न वा जिज्ञासाको सम्बन्धमा संचालक समितिका तर्फबाट सामुहिक रुपले उत्तर दिईनेछ ।
१०) संस्थाको सेयर दाखिला खारेजको काम मिति २०७४/०८/०१ देखि मिति २०७४/०८/१६ गते सम्म बन्द रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७४/०७/३० गतेसम्म कारोबार भई मिति २०७४/०८/०८ गते भित्र यस वित्तीय संस्थाको शेयर रजिष्ट्रर्ड श्री एनआईविएल क्यापिटल मार्केट्स लिमिटेड लाजिम्पाटमा प्राप्त गरेको नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, छलफल गर्न तथा मतदान गर्न सक्नुहुनेछ ।
११) संचालकको निर्वाचन सम्बन्धि कार्यतालिका वित्तीय संस्थाको सूचना पाटीमा टाँस गरिने छ ।
१२) अन्य आवश्यक जानकारीका लागि यस वित्तीय संस्थाको रजिष्ट्रर्ड (केन्द्रीय) कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिनेछ ।